**बैठक संख्या ३७** **मिति २०७६।०५।०१**

आज मिति २०७६।०३ ।३० गतेका दिन दिउसो १.०० वजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर  थापाज्यूको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको बैठक वस्यो ।

उपस्थिति

| नाम थर | पद |
|---|---|
| १. श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २. श्री बिमला गुरुङ | गा.पा. उपाध्यक्ष |
| ३ श्री रमेश सुवेदी | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री भीम बहादुर गुरुङ | १ नं वडाध्यक्ष |
| ५. श्री पोल ब्रहादु आले | २ नं वडाध्यक्ष |
| ६. श्री कृतिमान आले | ३ नं वडाध्यक्ष |
| ७ श्री पदम बहादुर गुरुङ | ४ नं वडाध्यक्ष |
| ८. श्री याल बहादुर गुरु | ५नं वडाध्यक्ष |
| ९. श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०. श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११. श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२. श्री भोगीमाया राना | गा.का.पा. सदस्य |
| १३. श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४. श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या ३७

मिति: २०७६।०५।०१

<u>प्रस्तावहरु</u>

१) समीक्षा सम्बन्धमा

२) दररेट स्विकृत सम्बन्धमा ।

३) बार्षिक समीक्षा सम्बन्धमा ।

४) आ.ले.प. तोक्ने सम्बन्धमा ।

५) सवारी साधन दर्ता र व्यवस्थापन वडावाट गर्ने सम्बन्धमा ।

६) वडा नं. ५ कालिमाटी पार्क निर्माण सम्बन्धमा ।

७) संघ सस्था दर्ता तथा परिचालन नियमावली सम्बन्धमा ।

८) राहत मापडण्द निर्माण सम्बन्धमा ।

९) देवघाट ३, सुन्तला मार्गको भुक्तानी दिन बाँकी रकम सम्बन्धमा ।

१०) प्रदेश शसर्त बजेटको कार्यक्रम छनौट सम्बन्धमा ॥

११) वडा विविध खर्च सम्बन्धमा ।

१२) सार्वजनिक खरिद नियमावली, २०७६ सम्बन्धमा ।

१३) स्थानीय पर्यटन उपसमिति गठन सम्बन्धमा ।

१४) MRC , ( बहु आयामिक श्रोत केन्द्र ) को प्रस्ताव सम्बन्धमा ।

१५) राशनको लागत अनुमान सम्बन्धमा ।

१६) वडा नं. २ अस्थायी प्रहरी पोष्ट भवन निर्माण स्थल जग्गा पास खर्च १२९५० सम्बन्धमा ।

१७) गाउँपालिकाको प्रवक्ता तोक्ने सम्बन्धमा ।

१८) ल्याव संचालन गर्ने सम्बन्धमा ।

निर्णयहरु

उपरोत्तानुसारका प्रस्तावहरुमा छलफल गरी तपसिल अनुसारका निर्णयहरु गरियो ।

१) यस अघिका वैठकका प्रगतिको समीक्षा गरियो ।

२) देवघाट गाउँपालिकको लागी आ.व. २०७६।७७ को दररेट निर्धाण गर्न बनेको कार्यदलले पेश गरेको दर रेट स्विकृत गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

३) मिति: २०७६।०५।०२ गते हुने देवघाट गाउँपालिकाको आ.व. २०७५।७६ को बार्षिक समीक्षा कार्यक्रममा सबै कार्यपालिकाका सदस्यहरु उपस्थित हुने निर्णय गरियो ।

४) हाल गाउँ कार्यपालिकाको कार्यालयमा आ.ले.प. ईकाइ रिक्त रहेकोले गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७५।७६ को आन्तरिक लेखा परीक्षण गर्नको लागी प्रशासन शाखा प्रमुख गोविन्द पौडेललाई तोक्ने निर्णय गरियो ।

५) आफ्नो वडामा नीजि र संस्थागत रुपमा चलिरहेका सवारी साधन दर्ता र व्यवस्थापन वडा कार्यालयवाट गर्ने निर्णय गरियो ।

६) वडा नं. ५ कालिमाटी भन्ने ठाउँमा रहेको करिव ४२ रोपनी सार्वजनिक जग्गाको संरक्षण तथा उपयोग गरी जग्गा अतिक्रमण हुन नदिन र गाउँपालिकामा एक जेष्ठ नागरिक सेवा केन्द्र स्थापना गर्न सुविधा सम्पन्न जेष्ठ नागरिक मैत्री आश्रम घर निर्माण गर्न तथा वातावरण मैत्री गाउँपालिका निर्माण गर्न पार्कको समेत आवश्यक परेकोले सो जग्गामा पार्क निर्माण तथा जग्गा व्यवस्थापन गर्ने क्रममा २१ रोपनी जग्गामा जेष्ठ नागरिक सेवा केन्द्र तथा पार्कको पूर्वाधार निर्माण तथा संचालन गर्न जगन्नाथ शान्ती कुन्जसंग यस अघि नै सम्झौता भई सकेको र सो अनुसार निर्माणको काम पनि शुरु भएको र २१ रोपनी जग्गामा पार्क बनाउने गरी मदन आश्रित बहुआयामिक स्मृती पार्कले सार्वजनिक पार्क निर्माणको लागी निवेदन पेश गरेकोमा उक्त स्थानमा सार्वजनिक प्रयोजनको लागी मदन आश्रित बहुआयामिक स्मृती पार्कलाई सार्वजनिक पार्क निर्माण र संचालन गर्न अनुमती दिने तथा सो अनुसार सम्झौता गर्ने निर्णय गरियो ।

७) सस्था दर्ता नियमावली, २०७६ स्विकृत गरियो ।

८) राहत वितरणको लागी राहत वितरण मापदण्ड तर्जुमा गर्ने निर्णय गरियो ।

९) देवघाट ३, सुन्तला मार्गको स्तर उन्नतीको लागी थप रु. ५००००००। (पचास लाख ) को योजना स्विकृत भएकाले योजना प्रकृया अगाडी वढाउन गण्डकी प्रदेश सरकार, पूर्वाधार विकास कार्यालय कावासोतीको मिति: २०७६।०३।०५ को पत्र अनुसार देवघाट ३, सुन्तला मार्गको स्तर उन्नतीको लागी उपभोक्ता समिति संग सम्झौता गरी योजना प्रकृया अगाडी वढाईएकोमा मिति: २०७६।०३।३० मा उपभोक्ता समितिवाट कार्य सम्पन्न भएकोले भुक्तानी पठाईदिन पूर्वाधार विकास कार्यालय कावासोतीलाई पत्र मेल गरी पठाईएको र मिति: २०७६।०३।३१ गते चेक लिन नगर प्रहरीलाई पत्र पठाईउँदा समेत चेक प्राप्त हुन नसकेकोले पछि बुझ्दा रकम फ्रिज भएको जानकारी आएको, देवघाट ३, सुन्तला मार्गको स्तर उन्नतीको लागी उपभोक्ता समितिले लगानी गरी काम गरेकाले उक्त काम गरेको रकम रु. ५००००००। अक्ष रुपि पचास लाख यस आ.व. २०७६।७७ को बजेटवाट उपलब्ध गराईदिनको लागी गण्डकी प्रदेश सरकारलाई अनुरोध गरी लेखी पठाउने र प्रदेश सरकारवाट रकम प्राप्त भए पछि देवघाट ३, सुन्तला मार्गको स्तर उन्नती उपभोक्ता समितिलाई गाउँपालिकाले यसै आ.व.मा रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१०) आर्थिक मामिला तथा योजना मन्त्रालयवाट माग भए वमोजिम आ.व. २०७६।७७ को बजेट किताव अनुसुची ६ को ३।० नं. मा समावेश भएको प्रदेश सरकारवाट प्राप्त सशर्त एक मुष्ठ अनुदान बजेट रु. १०००००००। मध्ये तपसिल अनुसारको योजनामा तपसिल अनुसारको बजेट विनियोजन गरी सो को विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने निर्णय गरियो ।

तपसिल

१) देवघाट, साउने, कर्ताप सडक वडा नं. ५, १, ४ – रु. ४००००००। (चालिस लाख)

२) सिंचाङ्ग सार्वाङ्ग साराङघाट मोटरवाटो वडा नं.४ – रु. ४००००००। (चालिस लाख)

३) खाल्टे रंगशाला वडा नं. २ – रु. १००००००। ( दश लाख )

४) कालिमाटी गौरीटार भुवनटार सडक स्तरोन्ती वडा नं. ५ – रु. १०००००। ( दश लाख )

११) आफ्नो वडामा विभिन्न कार्यक्रम संचालन गर्न, योजना अनुगमन गर्न(खाजा तथा इन्धन खर्च), वडा समितिको वैठक संचालन हुँदाको खाजा खर्च, अतिथि सत्कार खर्च लगायतका विविध खर्चको लागी यस आ.व. २०७६।७७ का लागी वडा १,२,३ र४ को लागी रु. १०००००। ( एक लाख ) मात्र र वडा नं. ५ को लागी रु. १५००००। ( एक लाख पचास हजार ) मात्र खर्च गर्ने निर्णय गरियो ।

१२) सार्वजनिक खरिद नियमावली, २०७६ स्विकृत गरियो ।

१३) यस गाउँपालिकामा पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धन गर्न तथा पर्यटन वर्ष २०१९– २०२२ को समेत प्रवर्द्धन गर्न तपसिल अनुसारको स्थानीय पर्यटन उपसमिति गठन गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

[illegible] बहादुर थापा
अध्यक्ष

१) गाउँपालिकाको अध्यक्ष श्री दुर्ग वहादुर थापा — संयोजक

२) गाउँपालिकाको उपाध्यक्ष श्री विमला थापा — सदस्य

३) वडा नं. १ का वडा अध्यक्ष श्री भीम वहादुर गुरुङ्ग — सदस्य

४) वडा नं. ४ का वडा अध्यक्ष श्री पदम वहादुर गुरुङ्ग — सदस्य

५) वडा नं. १ का वडा अध्यक्ष श्री याल वहादुर गुरुङ्ग — सदस्य

६) कालि गण्डकी रिसोर्टका प्रो. श्री रिषिराम सुवेदी — सदस्य

७) देउपुर सामुदयिक होम स्टेका अध्यक्ष श्री चन्द्र कुमारी गुरुङ्ग — सदस्य

८) घण्टाचुली पर्यटन विकास संस्थाका अध्यक्ष श्री ख़ड्ग वहादुर आले — सदस्य

९) प्रमुख प्रशासकीय अधिकृत श्री रमेश सुवेदी — सदस्य सचिव

१४) UNDP को आर्थिक सहयोगमा एम डी सी नेपालको अगुवाइमा र बहु आयामिक श्रोत केन्द्र ( MRC ) को प्राविधिक सहयोगमा देवघाट वडा नं. २ र ३ मा कृषि सम्बन्धि कार्यक्रमको लागी यसै आ.व. देखि रु. ४८०००००। (अठचालिस लाख) को कार्यक्रम संचालन हुने जानकारी सहित बहु आयामिक श्रोत केन्द्र ( MRC ) ले वडा नं. १, ४ र ५ मा कृषि कार्यक्रम संचालन गर्न बहु आयामिक श्रोत केन्द्र ( MRC ) ले रु. ११०००००। एघार लाख र गाउँपालिकाले रु. ३००००००। तिस लाख गरी ४१०००००। एकचालिस लाखको बजेट प्रस्ताव गरी पेश गरेकोले प्रस्तावकको प्रस्ताव यस गाउँपालिकाको लागी उपयोगी देखिएकोले बहु आयामिक श्रोत केन्द्र ( MRC ) ले नै कार्यक्रम संचालन गरी प्रगती गाउँपालिकामा पेश गर्ने गरी गाउँपालिकावाट लागत सहभागिता वापट समपुरक स्वरुप गाउँपालिकाको संघ संस्था शिर्षकवाट रु. ३००००००। अक्ष रुपि तिस लाख रुपैंया बहु आयामिक श्रोत केन्द्र ( MRC ) लाई भुक्तानी दिने गरी सम्झौता गर्ने निर्णय गरियो ।

१५) यस आ.व.को लागी नगर प्रहरीलाई राशनका सुविधाको लागी प्रति महिना प्रति व्यक्ति रु. ३५००। अक्ष रुपि तिन हजार पाँच सय लागत अनुमान स्विकृत गरियो ।

१६) वडा नं. २ अस्थायी प्रहरी पोष्ट भवन निर्माण स्थल जग्गा पास खर्च १२९५०। अक्ष रुपि बाह्र हजार नौ सय पचास भुक्तानी दिने निर्णय गरियो ।

१७) गाउँ कार्यपालिकाको निर्णय तथा गाउँपालिकाको नीति तथा कार्यक्रमको सूचना संप्रेषण गर्नकोलागी वडा नं. ५ का वडा अध्यक्ष श्री याल वहादुर गुरुङ्गलाई गाउँपालिकाको प्रवक्ता तोक्ने निर्णय गरियो ।

१८) देवघाट गाउँपालिका अन्तर्गतका कुनै पनि स्वास्थ्य चौकीहरुमा स्वास्थ्य परीक्षणको लागी ल्यावको व्यवस्था नभएकोले यहाँ वसोसास गर्ने स्थानीय वासिन्दाहरु र यस धार्मिक क्षेत्रमा वसोवास गर्ने वृद्ध वृद्धाहरु ल्याव परीक्षणको लागी भरतपुर, दमौली र पोखरा लगायतका स्थानहरुमा जानु पर्ने वाध्यता रहेकोले देवघाट गाउँपालिकाको वडा नं. ५ स्थित देवघाट स्वास्थ्य चौकीमा ल्याव संचालन गर्न बजेट व्यवस्था गरिएको र सो सम्बन्धि ल्याव टेक्निसियन पनि नियुक्ती गरिएकोले ल्याव संचालन गर्नको लागी ल्याव सम्बन्धी मेशिन औजार समेतका सामान उपलब्ध गराईदिन सम्बन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

दुर्ग बहादुर थापा
अध्यक्ष